.......................................................

# टोल विकास संस्था\समिति

......................, रामेछाप ।

को

# बिधान

लिखु तामाकोशी गाउँपालिका वडा नं............

रामेछापको बिधान

टोल विकास संस्था\समितिको मुल्य मान्यता र सिद्धान्त अनुरूप समुदायको आधारभूत आवश्यकताहरु स्थानीय स्तरमा नै परिपूर्ति गरी विकास निर्माणको दिगो रुपमा संचालन गर्ने उद्देश्य भएका हामी समुदायहरु एकजुट भई आफ्नो विकास आफै गर्न एक टोल विकास संस्था\समितिको स्थापना गरी संचालन गर्न बाञ्छनीय भएकोले टोल विकास संस्था\समिति (संचालन तथा परिचालन) कार्यविधि २०८० ले दिएको अधिकार उपयोग गरी ............................................................ टोल विकास संस्था\समिति नामक संस्था गठन गर्न ......................... टोल विकास संस्था समिति लिखु तामाकोशी गा.पा. वडा नं. संलग्न कार्यसमिति सदस्यहरुको मिति टोल विकास संस्था\समिति बनाएको छ । ......................... मा बसेको प्रारम्भिक भेलाले यो विधान पास गरेको छ ।

## परिच्छेद १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस संस्थाको नाम ............................................ टोल विकास संस्था\समिति लिखु तामाकोशी गाउँपालिका गा.पा. वडा नं. रामेछाप– २०८० रहनेछ । यो नियम संस्थाले स्वीकृत गरेपछि तुरुन्त प्रारम्भ हुनेछ

(ख) यस संस्थाको कार्यालय रामेछाप जिल्ला लिखु तामाकोशी गा.पा. वडा नं.......... मा रहनेछ ठेगाना परिवर्तन भएमा परिवर्तन भएको सात दिन भित्र संस्था दर्ता भएको कार्यालयमा सूचना दिनु पर्नेछ ।

## परिच्छेद २

**१. संस्थाको भौगोलिक कार्यक्षेत्र**

लिखु तामाकोशी गाउँपालिका वडा नं.... का रामेछापमा रहनेछ ।

**२. उद्देश्यहरू**

क) विकासका पूर्वाधारको उचित संरक्षण गर्ने दिगो र गुणस्तरयुक्त विकास कार्यको प्रबन्ध गर्ने ।

ग) विकास निर्माणका साथै उपभोक्ताको जीवनस्तर उठाउन स्वास्थ्य तथा सरसफाई सम्बन्धी ज्ञान दिने, सेवामुलक र आयमुलक कार्य गर्ने

घ) आय आर्जनका लागि विविध निर्माण तथा उत्पादनका क्षेत्रमा कार्यहरु गर्ने ।

ङ) सामान्यतया कार्यालय राख्दा समान प्रकृतिको अर्को संस्था रहेको भवन प्रयोग गरिने छैन ।

संस्थाको सदस्य संख्या (महिला पुरुष) जम्मा २० घरधुरी जनसंख्या

४. संस्था दर्ता ऐनको अधीनमा रहने संस्थाको विवरण तथा सिमाना निम्नानुसार छन्

क) यस संस्था\समितिको विवरण तथा सिमाना

क) पूर्वः

ख) पश्चिमः

ग) उत्तरः

घ) दक्षिणः

५. संस्थाको किसिम : सार्वजनिक

**३. कार्यक्षेत्र :**-यस संस्थाको कार्यक्षेत्र रामेछाप जिल्ला लिखु तामाकोशी गा.पा. वडा नं... रहनेछ ।

**४. परिभाषा :-**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमम:
(क) "ऐन" भन्नाले संस्था विकास संस्था\ऐन, २०३४ लाई सम्झनु पर्दछ।
(ख) "नियमावली" भन्नाले संस्था दर्ता नियमावली २०३५ लाई सम्झनु पर्दछ ।
(ग) "विधान" भन्नाले........................................ टोल विकास संस्था\समिति लिखु तामाकोशी गा.पा. वडा नं. ....... रामेछाप" को विधान २०८० लाई सम्झनु पर्दछ ।
(घ) "अध्यक्ष", "उपाध्यक्ष", "सचिव", "कोषाध्यक्ष", "सह-कोषाध्यक्ष" भन्नाले संस्थाको संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सह-कोषाध्यक्ष भन्ने सम्झनु पर्दछ ।
(ङ) "सदस्य" भन्नाले यस विधान वमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।
च) "समिति" भन्नाले संस्थाको विधान बमोजिम गठन भएको संचालक समिति सम्झनु पर्दछ ।
छ) "संयोजक" भन्नाले संस्थाको लेखा समिति तथा अन्य उपसमितिको संयोजकलाई जनाउदछ ।
ज) "लेखा समिति" भन्नाले संस्थाको विनियम वमोजिम गठित "लेखा समिति" सम्झनु पर्दछ ।
झ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण १ गते देखि आषाढ मसान्तसम्मलाई सम्झनु पर्दछ।
ञ) "संस्था" भन्नाले"................ टोल विकास संस्था\समिति " लाई सम्झनु पर्दछ ।
ट) "प्रमाण पत्र" भन्नाले शेयर किन्ने व्यक्ति वा निकायलाई शेयर खरीद गरे वापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ ।
ठ) "उपसमिति" भन्नाले संस्थाको कार्य संचालनको लागि यस विधान वमोजिम गठन गरिने विभिन्न उप समितिहरुलाई सम्झनु पर्दछ ।
ड) " साधारण सभा " भन्नाले प्रारम्भिक साधारण सभा, विशेष साधारण सभा र वार्षिक साधारण सभालाई जनाउदछ ।
ढ) "टोल विकास संस्था" टोल विकास संस्था\समिति लिखु तामाकोशी गा.पा. वडा नं. रामेछापको संस्था भन्ने जनाउँछ ।
ण) "व्यवस्थापक" भन्नाले संस्थाको व्यवस्थापन गर्न जिम्मेवार लिई नियुक्त भएको व्यक्ति भन्ने जनाउँछ ।
(थ) "सेवा" भन्नाले यस विधान अनुसार गठित टोल विकास संस्था\समितिले संचालन गरेको शुल्क आयोजनाबाट सेवा सुविधा प्रदान गरे वापत तोकिएको शुल्कलाई जनाउँछ ।
द) "भातृ संस्था" भन्नाले यस संस्थालाई सहयोग गर्ने राष्ट्रिय, अन्तराष्ट्रिय व्यक्ति वा संघ संगठनलाई जनाउँछ ।

**५. संस्था संगठित संस्था हुने:**
क) संस्था एक अविछिन्न उत्तराधिकारवाला स्वसाशित र संगठित संस्था हुनेछ ।
ख) संस्थाको सबै कामकाज प्रमाणित गर्नको लागि अनूसूची-१ बमोजिमको एउटा छुट्टै चिन्ह अंकित छाप रहनेछ यो छाप संञ्चालक समितिवाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।
ग) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न र उपभोग गर्न, बेचविखन गर्न र धरौटी राख्न सक्नेछ ।
घ) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर उजुर लाग्न सक्नेछ ।

ङ) संस्थाले टोल विकास संस्था\समितिको मुल्य, मान्यता, टोल विकास संस्था\समितिको सिद्धान्तहरु प्रचलित टोल विकास संस्था\समितिको ऐन तथा नियमावलीहरुमा आधारित भई आचरसंहिता तयार गरी लागू गरिनेछ, यसरी लागू भएको आचरसंहिता उपभोक्ता समितिको संघ संस्थाका पदाधिकारी तथा सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु कर्तव्य हुनेछ ।

**६. टोल विकास संस्था\ समितिको सिद्धान्त:**

टोल विकास संस्था\समितिको विभिन्न निकायद्वारा पारित निम्न सात सिद्धान्तहरु यस उपभोक्ता समितिको अभिन्न अंग हुनेछन् ।

क) ऐच्छिक तथा खुल्ला सदस्यता

ख) सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण

ग) सदस्यहरुको खुल्ला सहभागिता

घ) स्वायतता तथा स्वतन्त्रता

ङ) शिक्षा, तालिम तथा सूचना

च) टोल विकास संस्था\ समितिहरुको बीच सहयोग

छ) समुदाय प्रति चासो

## परिच्छेद ३
## उद्देश्य र कार्यहरु

**७. संस्थाको उद्देश्य संस्थाको मुख्य उद्देश्य निम्न अनुसार हुनेछ :-**

१) गाउँ बस्तीमा विकास निर्माण गरि सेवा पुऱ्याउने,

२) संस्थाका सदस्यहरुलाई आयमूलक एवम् उद्यमशील क्रियाकलापहरु संचालनका लागि सदस्यहरुबाट सहयोग संकलन गरी परिचालन गर्ने ।

३) संस्थाका सदस्य तथा कर्मचारीहरुलाई शिक्षा तथा तालिमका कार्यक्रमहरु संचालन गर्ने ।

४) अधिकतम आयमूलक क्रियाकलापहरु प्रवर्द्धन गरी कार्य क्षेत्रभित्र सामाजिक, सांस्कृतिक तथा आर्थिक विकास र वातावरण संरक्षण तथा सम्बर्द्धन गर्ने ।

५) संस्थाको कार्यक्रमहरु अघि बढाउन संस्थाको दिगोपनाको लागि रकम जुटाउने तथा उचित व्यवस्थापन गर्ने ।

६) सदस्यहरुमा स्वावलम्बनको ज्ञान, प्रारस्परिक सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने,

७) टोल विकास संस्था\समितिले शिक्षा व्यवसायिक एवं सीपमुलक तालिम गोष्ठी संचालन गरी सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने ।

८.विकास निर्माण, खानेपानी सिंचाई, कुलो तथा वातावरणीय सरसफाई आदि कार्यक्रम विस्तार गर्न जिल्ला समन्वय समिति, गाउँपालिका तथा अन्य निकायबाट श्रोत साधन जुटाउने,

९.टोल तथा वस्ती स्तरमा विकास निर्माणाका योजना तथा कार्यक्रमहरको बारे जनता वा समुदायमा जानकारी गराउन जनचेतना अभिवृद्धि गर्ने ।

१० संचालन भएका र हुने सबै विकास निर्माण कार्यका लागि आयेजनाका सबै उपभोक्तालाई सहभागी गराउने ।

११.स्थानीय मिस्त्रीलाई प्रोत्साहन गर्ने र क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गर्ने

१२.कमजोर आर्थिक श्रोत र न्यूनतम आर्थिक श्रोत भएका जनसमुदाय बीच सार्वजनिक धारा, पाटिपौवा, स्थल निर्माण गरी वितरण गर्ने,

१३. समुहको कार्यक्रम र नीति यस विधानको अधिनमा रही समितिले तोकेको उद्देश्य अनुसारको कार्य हुने ।
१४ लैङ्गिक तर्फ लक्षित अनौपचारिक प्रौढ शिक्षा तथा चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
१५ जनसंख्या शिक्षा, पारिवारिक स्वास्थ्य, पोषण शिक्षा, परिवार नियोजन तथा बाल तथा मातृ शिशु शिक्षाको प्रचार प्रसार गर्ने तथा सामुदायिक स्वास्थ्य एवं सरसफाई वातावरण संरक्षण, भू–क्षय तथा वृक्षारोपणसंग सम्बन्धित चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
१६. सदस्यहरुको सामुदायिक हित अभिवृद्धि सम्बन्धी कार्य गर्ने ।

**८. सदस्यता :**

एकै आवश्यकता, समस्या र उद्देश्य एवं समान आयस्तर भएका र निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गरेका व्यक्तिहरु यस समितिको संस्थाका सदस्य बन्न सक्नेछन् देहायका व्यक्तिहरु संस्थाका सदस्य हुनेछन :

(क) संस्था दर्ताका लागि रजिष्ट्रार समक्ष निवेदन दिने परियोजना कार्यक्षेत्र भित्रका व्यक्तिहरु ।
ख) संस्था दर्ता भईसकेपछि संस्था\समितिको अन्तर्राष्ट्रिय मुल्य, सिद्धान्त, प्रचलित ऐन नियम र संस्थाको विधान पालना गर्ने गरी समितिमा आवेदन दिने व्यक्तिहरु ।

**९. सदस्यताको लागि योग्यता :**

संस्थाको सदस्यता हुनको निमित्त निम्न योग्यता पुगेको हुनु पर्दछ :

क) नेपाली नागरीक ।
ख) १८ वर्ष उमेर पुगेको ।
ग) यस उपभोक्ता समितिको पालना गर्न मञ्जुर गर्ने व्यक्ति ।
घ) कम्तिमा संस्थाको (एक) वटा शेयर खरिद गरेको व्यक्ति ।
ङ) संस्थाको कार्यक्षेत्र भित्र वसोवास गरेको र संस्थाको सेवा उपभोग गर्न इच्छुक व्यक्ति ।
च) प्रचलित ऐन कानूनले अयोग्य नठहरिएको व्यक्ति ।
छ) कुनै पनि वित्तीय निकायबाट कालोसूचिमा नपरेको भनी तोकिए अनुसारको स्वघोषणा पत्रमा हस्ताक्षर गरेको व्यक्ति ।
ज) समान प्रकृतिको अर्को टोल विकास संस्था\ समितिको संस्थाको सदस्य नभएको ।
झ) कुनै पनि संघ संस्थामा वा सरकारी निकायमा लाभको पद धारण नगरेको ।

**१०. सदस्यको काम, कर्तव्य अधिकार र दायित्व :**

सदस्यको काम, कर्तव्य अधिकार र दायित्व देहाय वमोजिम हुनेछ :–

क. संस्थाको साधारण सभामा भाग लिने ।
ख. संस्थाको संचालनका लागि विभिन्न पदमा रही पदीय जिम्मेवारी पूरा गर्ने ।
ग. संस्थाको हित र विकासका निमित्त योगदान पुयाउने ।
घ.संस्थाबाट गरिने निर्णयहरुमा सुझाव प्रस्तुत गर्ने, गलत निर्णय हुन गइरहेको जानकारी भएमा रोक्ने ।
ङ. संस्थाका सबै अंगहरुबाट भएका निर्णयहरुको पालना गर्ने ।
च नियमको पालना गर्ने गराउने कार्यमा निरन्तर सजग रहने ।
छ. सदस्यको हक, हित, अधिकार प्राप्त गर्न प्रयत्नशील रहने ।
ज. संस्थालाई आवश्यक पर्ने सूचनाहरु उपलब्ध गराउने ।

झ. साधारण सभा र आफूले जिम्मेवारी ग्रहण गरेको अन्य अंगमा उपस्थिति भई मतदान गर्ने अभिमत जाहेर गर्ने ।
ञ. आफूले उत्पादन गरेको वस्तु सेवा सामाग्री/श्रम/श्रोत संस्थालाई उपलब्ध गराउने र संस्थाले प्रदान गरेको सेवा लिने ।
ट. सदस्यले बहन गर्ने भनी समय समयमा तोकिएका कार्यहरु गर्ने ।

**११. सदस्यता प्राप्ति :**

क) टोल विकास संस्था\समिति, उपभोक्ता समितिको दफा ९ बमोजिम सदस्यताका लागि आवेदन दिने व्यक्तिले अनुसूची बमोजिमको ढाँचामा संचालक समिति समक्ष निवेदन दिनु पर्नेछ ।
ख) समितिले सदस्यता नदिने निर्णय गरेमा त्यस्तो व्यक्तिले साधारण सभा समक्ष निवेदन दिन सक्नेछ र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।
ग) संस्थाको सदस्यताबाट निष्काशित भएको व्यक्तिले निष्काशित भएको मितिले एक वर्ष सम्म पुनः सदस्यता प्राप्त गर्न सक्नेछैन ।
घ) संस्थाको वार्षिक साधारण सभा बस्ने मिति तय गरेको सूचना प्रकाशित भएपछि साधारण सभा सम्पन्न नहुन्जेलसम्म नयाँ सदस्यता प्रदान गरिने छैन । तर प्रारम्भिक साधारण सभाको हकमा भने यो व्यवस्था लागु हुनेछैन ।
(ङ) संस्थापक सदस्य, साधारण सदस्य, शेयर सदस्य भनी भेदभावपूर्ण वर्गीकरण गरिने छैन ।

**१२ प्रवेश शुल्क:**

टोल विकास संस्था\समितिको दफा ९ अनुसार सदस्यताका लागि पेश गरेको निवेदन स्वीकार भएको अवस्थामा आवेदकले रु ५००/- अक्षेरुपी पाँच सय मात्र (पछि फिर्ता नहुने गरी) रकम बुझाउनु पर्नेछ।

**१३. सदस्यता कायम नरहने:**

देहायको अवस्थामा संस्थाको कुनै पनि व्यक्तिको सदस्यता कायम रहने छैन :
क) मृत्यु भएमा वा कानूनी रुपमा मानसिक सन्तुलन कायम नभएको भनि प्रमाणित भएमा ।
ख) यस विधानमा व्यवस्था भए वमोजिम सदस्यताबाट निष्कासित गरिएमा ।
ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा वा फौजदारी अभियोगमा सजाय भएमा ।
घ) संस्था विघटन भएमा ।
ङ) संस्थालाई हानी नोक्सानी हुने काम गरी सो कुरा प्रमाणित भएमा ।
च) दफा १० बमोजिम योग्यता नरहेमा ।
छ) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा ।
(ज) साधारण सभावाट निजले संस्थाको उद्देश्य हित विपरीत कार्य गरेको ठहर भएमा तर माथि जे सुकै कुरा लेखिएको भएता पनि कुनै पनि सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण संस्थालाई तिनं बाँकी छ र अन्य बाँकी बक्यौता भुक्तानी गर्न बाँकी छ भने त्यस्तो सदस्य र निजको तर्फबाट जमानत बस्ने कुनै सदस्यले संस्थाको सदस्यबाट दिएको राजीनामा स्वीकृत हुने छैन । स्वीकृत गरी सकेको रहेछ भने सदस्य नरहेको कारणले निजले तिर्नुपर्ने बाँकी बक्यौताको दायित्वबाट उन्मुक्ति पाउने छैन ।

**१४ सदस्यताबाट निष्काशन :**

देहायमा उल्लेख भए अनुसार समितिको निर्णयबाट सदस्यलाई निष्काशन गर्न सकिनेछ ।

क) संस्थाको उद्देश्य विपरीत हुने गरी जानाजान कुनै कार्य गरेमा ।

ख) टोल विकास संस्था\समितिको मूल्य सिद्धान्त, ऐन नियम र संस्थाको विधान उल्लघन गरेमा ।

ग) संस्थाको संचालन वा प्रगतिमा हानी नोक्सानी हुने कुनै किसिमको कार्य गरेमा ।

घ) संस्थाको सम्पत्ति हिनामिना गरेमा

(ङ) कुनै सरकारी कोष वा नेपाल सरकारको कोषबाट तलब भत्ता खाने व्यक्ति,

(२) उपदफा १ बमोजिम अभियोग लगाई निष्काशन गर्ने क्रममा सदस्यलाई प्रमाणहरु सहित ३५ दिनको म्याद दिई सफाइको मौका दिने अवसर प्रदान गरिनेछ । छानबीनको क्रममा संचालक समितिले त्यस्तो सदस्यलाई निलम्बन गरी कुनै सेवा वा सुविधाबाट एक वर्ष सम्म बन्देज लगाउन सकिनेछ ।

**१५. राजिनामा**

सदस्यले संस्थाको सदस्यताबाट राजिनामा दिन सक्नेछ र निजको राजिनामा संस्थाको समितिबाट स्वीकृत गरिनेछ । तर राजिनामा दिने सदस्यको दायित्व सम्बन्धी वर बुझारथ फछ्यौट नभएको देखिएमा राजीनामा स्वीकृत हुने छैन । राजिनामा दिएर सदस्यता फिता लिने व्यक्ति वा तिर्नुपर्ने दायित्व संस्था\समितिको ऐन, नियम र संस्थाको विनियम अनुसार पाउनु वा तिर्नु पर्नेछ ।

**१६. सदस्य दर्ता किताव :**

अनूसूची–३ बमोजिमका कुराहरु उल्लेख हुनेगरी समितिले सदस्यहरुको दर्ता किताब अनिवार्य रुपमा खडा गर्नु पर्नेछ ।

## परिच्छेद –४

**१७ हकदावी वा नामसारी:**

१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको रकम निजले संस्था\समितिको दफा २२ बमोजिम मनोनित गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा सदस्यताको लागि योग्य भए र निजले इच्छा गरेमा नामसारी गरिनेछ तर त्यस्तो हकवाला वापत सदस्यता प्राप्त गर्नका लागि विधानमा भएको योग्यता नपुगेमा सदस्यको मृत्यु भएको छ महिना भित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दरखास्त दिन सक्नेछ र त्यस्तोमा सो हकवालाको नाममा नामसारी गरिदिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम मृत सदस्यको हकवालाले नामसारी गराई दिन नचाहेमा निजले पाउने शेयर र रकम त्यस्तो हकवालालाई फिर्ता गरी दिनु पर्नेछ

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृतसदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना सदस्य एवं दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

## परिच्छेद–५ साधारण सभा

**१८. प्रारम्भिक साधारण सभा:**

साधारण सभा अन्तर्गत देहाय बमोजिमका सभाहरु रहनेछन् :

संस्था दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ । उपदफा (१) बमोजिम प्रारम्भिक सभा नबोलाएको अवस्थामा कुनै सदस्यले सम्बन्धित दर्ता निकायमा निवेदन दिन सक्नेछ र टोल विकास संस्था\समितिको ऐन नियम अनुसार रजिष्ट्रारले प्रारम्भिक साधारण सभा बोलाउन सक्नेछ । संस्थाको कुल सदस्य संख्या ३० भन्दा बढी सदस्यहरुको उपस्थिती भएमा प्रारम्भिक साधारण सभा संचालन गर्न गणपुरक संख्या पुगेको मानिनेछ । प्रारम्भिक साधारण सभाले देहायको कार्यहरु गर्नेछ ।

क) सभाको सभापतिको चयन गर्ने ।

ख) अघिल्लो दिनसम्मको संस्थाको काम कारवाही तथा हर हिसाबको (आय व्यय विवरण) जानकारी लिने र अनुमोदन गर्ने,

ग) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदन माथि छलफल गर्ने र निर्देशन दिने,

घ) विधानमा तोकिए बमोजिमको संचालक समिति लेखा समिति, ऋण उप–समिति तथा शिक्षा–उप समितिको निर्वाचन गर्ने,

(ङ) आगामी आ.ब. को लागि संस्थाले गर्ने कार्यहरुको कार्ययोजना समेत स्वीकृत गर्ने ।

**१९. साधारण सभा :**

संस्थाका सबै सदस्यहरु सम्मिलित भएको एक साधारण सभा हुनेछ यो सभा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र बोलाउनु पर्नेछ । सभा बोलाउने साधारण सभा गर्नका निमित्त कम्तीमा ३५ (पैतीस) दिनको समय दिई सभा हुने ठाउँ, मिति, समय र छलफल गर्ने विषय खोजी सदस्यहरुलाई लिखित सूचना दिनु पर्नेछ ।

**गणपुरक संख्या :** साधारण सभामा कुल सदस्य संख्याको २५ प्रतिशत वा कुल सदस्यमा जुन बढी हुन्छ सोही सदस्यहरु उपस्थित भएमा मात्र सभाको काम कारवाही सुरु हुनेछ । केही कारणवश गणपुरक संख्या पुरा नभएमा बैठक स्थगित हुनेछ र उक्त सभा सात दिनको सूचना दिई पुनः बोलाउनु पर्नेछ ।

दोश्रो पटक सभा बोलाउँदा कुल सदस्य संख्याको १५ प्रतिशत वा कुल सदस्यमा जुन बढी हुन्छ सो संख्यामा मात्र सदस्यहरु उपस्थित भएमा पनि सभा हुनेछ तर विधान संशोधनको निर्णयका लागि कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा मात्र गणपूरक संख्या पुगेको मानिनेछ र उपस्थित सदस्यहरु दुई तिहाई बहुमतको निर्णय आवश्यक हुनेछ ।

वार्षिक साधारण सभाको सभापतित्व अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले तथा निजको पनि अनुपस्थितिमा सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछन्। प्रस्तावका विषय माथि छलफल गर्दा सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ तर मत बरावर भएमा सभापतिले निणायक मत दिनेछ ।

**२०. साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने:**

क) विधान संशोधन माथि अनुमोदन गर्ने,

ख) हिसाव किताव र मिनाहा सम्बन्धमा छलफल गरी निर्णय गर्ने,

ग) प्रस्तावित बजेट उपर छलफल गरी संशोधन सहित वा प्रस्ताव गरिए बमोजिम पारित गर्ने गरी छलफल गरी निर्णय गर्ने ।

ङ) लेखा परीक्षकको नियुक्ती गर्ने, पारिश्रमिक तोक्ने एवं हिसाव जाँच प्रतिवेदन उपर छलफल गरी निर्णय गर्ने ।

घ) सदस्य निष्काशन सम्बन्धमा संचालक समितिले गरेको निर्णयको उपर छलफल अनुमोदन गर्ने वा अस्वीकार गर्ने ।

च) संचालक समितिको सिफारिस उपर छलफल गरी कोष वितरणको निर्णय गर्ने

छ) केन्द्रीय वा जिल्ला संघको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्ने ।

ज) संस्थाको संचालनका लागि प्रस्ताव गरिएका नियमहरु उपर छलफल गरी परिमार्जन सहित वा प्रस्ताव गरिए वमोजिम पारित गर्ने ।

झ) साधारण सभामा प्रस्तुत हुने विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने ।

ञ) टोल विकास संस्था\समितिको उद्देश्य र कार्य अनुसार सदस्यहरुको हितमा हुने गरी शैक्षिक क्रियाकलापमा सहयोगार्थ आवश्यक निर्णयहरु गर्ने ।

ट) रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरीक्षण र सुझाव उपर छलफल गर्ने,

ठ) संस्थाको एकिकरण, विभाजन, विघटन सम्बन्धी निर्णय गर्ने

ड) संस्था संचालन सम्बन्धमा महत्वपूर्ण निर्णयहरु गर्ने ।

**२१ विशेष साधारण सभा :**

१) समितिले देहायको अवस्थामा उपभोक्ता समितिको अधीनमा रही संस्थाको विशेष साधारण सभा बोलाउन सक्नेछ ।

क) कुल सदस्य संख्याको कम्तीमा २० सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा ।

ख) लेखा समिति वा उपसमितिले कुनै विशेष कामको लागि विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यसको कारण खोली संचालक समिति समक्ष लिखित अनुरोध गरेमा,

ग) लेखा परीक्षकले संस्थाको हिसाव जाँचबुझा गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यसको कारण खोली समिति समक्ष लिखित अनुरोध गरेमा ।

घ) कुनै संचालकले उक्त सभा बोलाउन आवश्यक ठानी कारण खोली समिति समक्ष पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

२. विशेष साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५० प्रतिशत हुनेछ । सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ ।अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले तथा निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानिएको सदस्यले गर्नेछ ।

उक्त सभामा पेश गरिने सबै विषयलाई प्रस्तावको रुपमा पेश गरी बहुमत बाट निर्णय गरिनेछ मत बराबर भएमा सभापतिले निर्णयक मत दिनेछ ।

## परिच्छेद – ६
## टोल विकास समिति

**२२. टोल विकास संस्था संचालक समिति:**
संस्थामा ९ जना सदस्य भएको एउटा संचालक समिति रहनेछ । साधारण सदस्य मध्येबाट समितिको निर्वाचन प्रजातान्त्रिक प्रकृयाबाट गरिनेछ । ३३ प्रतिशत महिला सहित यसमा अध्यक्ष–१, उपाध्यक्ष–१, सचिव १, सह–सचिव– १, कोषाध्यक्ष १ र ४ जना सदस्यहरु रहने छन् । उक्त समितिको पदावधि ३ वर्षको हुनेछ ।

**२३. उपभोक्ता पदमा नियुक्त हुन नसक्ने अवस्था:**
देहायका अवस्थामा कुनै पनि सदस्य संचालक पदमा निर्वाचित हुन सक्ने छैन ।
क) १८ वर्ष उमेर नपुगेको ।
ख) मानसिक स्थिति ठिक नभएको ।
ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित
घ) तिर्न वाँकी ऋण समयमा नतिरी भाखा नाघेको ।
ङ) संस्थाको बाँकी बक्यौता राख्ने ।
च) संस्थाको ठेक्का पट्टा वा कारोवारमा कुनै प्रकारको निजी स्वार्थ भएको ।
छ संस्थाको सम्पत्ति हिनामिना गर्ने ।
ज) संस्थाको कारोवार जस्तै निजी कारोवार भएको ।
(झ) प्रचलित कानून वमोजिम स्थापित निकायले कालो सूचीमा परेकोमा ।
ञ) एकाघरको अर्को एक जना सदस्य भएमा तथा यसै उद्देश्य वमोजिमको अर्को प्रारम्भिक संस्थाको संचालक भएमा ।

**२४. उपभोक्ता पदमा वहाल रहन नसक्ने अवस्था :**
देहायका अवस्थामा कुनै पनि व्यक्ति संचालकको पदमा रहन सक्ने छैन ।
क) यसै प्रकृतिको र कार्यक्षेत्र भित्रको अर्को संस्थाको पदाधिकारी भएमा वा कानुन बमोजिम कुनै वित्तीय निकायको कालोसूचीमा परेको प्रमाणित भएमा ।
ख) उचित कारण खोली संचालक समितिलाई लिखित रुपमा जनाउ नदिई लगातार तीन पटक सम्म समितिको बैठकमा अनुपस्थित रहेमा साधारण सभाको बहुमतले मनासिव कारण देखाई हटाउने निर्णय गरेमा ।
ग) पदबाट दिइएको राजिनामा स्वीकृत भएमा ।
घ) जानी जानी संस्थाको हित तथा ख्यातीमा प्रतिकूल प्रभाव पर्ने कुनै काम गरेको प्रमाणित भएमा ।
ङ) संस्थाको कार्यक्षेत्र बाहिर बसाई सरी गएमा
च) संस्थाको विघटन वा दर्ता खारेज भएमा ।
छ) संथामा कर्मचारीको रुपमा नियुक्त भएमा

**२५.समितिको सदस्यहरुको पदावधि :**
उपभोक्ताहरुको पदावधि ३ (तीन) वर्षको हुनेछ । तर यिनीहरु समितिमा पुनः निर्वाचित हुन सक्नेछन् । सञ्चालक पद कुनै कारण बस रिक्त भएमा सो पदको पूर्ति साधारण सदस्यहरु मध्येबाट बाँकी अवधिका लागि साधारण सभाबाट निर्वाचन गरी पद पूर्ति गरिने छ । संचालक समितिको निर्वाचन भएको १५ (पन्ध्र) दिनभित्र फोटो सहितको ३ पुस्ते विवरण र सपथ ग्रहणको विवरण गाउँपालिकाको कार्यालयमा पठाइनेछ ।

**२६.समितिको बैठक :**
संचालक समितिको बैठकको प्रक्रिया देहाय बमोजिमको हुनेछ
क) संचालक समितिको बैठक प्रत्येक महिनामा बस्नेछ । तर दुई बैठक बीचको अवधी ३५ दिन भन्दा बढी हुने छैन ।
ख) संचालक समितिको बैठकमा संचालकहरुको जम्मा संख्याको कम्तीमा एक तिहाइ संचालकहरु उपस्थिति भएमा बैठक संचालनको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।
ग) संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनु पर्नेछ ।
घ) संचालक समितिको बैठकमा उपस्थित संचालकहरु बीच छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरणको छुट्टै निर्णय किताव (माईन्यूट बुक) मा लेखि अध्यक्षद्वारा प्रमाणित गराई सुरक्षा पूर्वक राखिनेछ ।
(ङ) संचालक समितिको बैठकको अध्यक्षता अध्यक्षले निजको अनुपस्थितीमा उपाध्यक्षले निजको पनि अनुपस्थितमा संचालकहरु मध्येवाट तानिएको संचालकले गर्नेछ ।

**२७. संचालक समितिको काम, कर्तव्य र अधिकार**
देहाय बमोजिम संचालक समितिको काम, कर्तव्य र अधिकार हुनेछन् ।
१. विधानमा व्यवस्था भए वमोजिमको प्रकृया पुन्याएर साधारण सभा गराउने
२ साधारणसभा वा नियुक्त लेखापरीक्षकबाट प्रकृया पुयाई वार्षिक लेखापरीक्षक गराउने ।
३. टोल विकास संस्था\समितिको ऐन, नियमहरु र विनियममा लेखिएका कुराहरु र साधारण सभाद्वारा पारित गरिएका निर्णयहरुको अधिनमा रही संस्थाको सम्पूर्ण काम, कारोवारको प्रबन्ध, अधिकारहरुको प्रयोग र कर्तव्यको पालना गर्ने ।
४. संस्थाको दैनिक कार्य संचालन गर्न व्यवस्थापक तथा अन्य कर्मचारीहरुको नियुक्ती गर्ने ।
५. संस्थाको आवश्यकता अनुसार कर्मचारीहरुको नियुक्ती, सेवा शर्त, सरुवा, पदोन्नती, सेवा सुविधा र सजाय निलम्बन, वर्खास्त सम्बन्धमा कर्मचारी प्रशासनिक तथा आर्थिक नियम गर्ने। बनाई साधारण सभामा स्वीकृति गराई सम्बन्धित खानेपानी तथा लघु सिंचाई उपभोक्ता समितिको अधिकारी समक्ष पेश गरी लागु,
६ विधानमा भएको व्यवस्था बमोजिम अध्यक्ष वाहेक कुनै संचालक र साधारण सभाको सदस्यले राजीनामा दिएमा सो स्वीकृत गर्ने,
७ आम्दानी खर्चको विवरण तयार गरी छलफल तथा स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने
८. वार्षिक कार्यक्रम तथा बजेट तयार गरी साधारण सभाबाट स्वीकृत गराई स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने
९. वार्षिक लेखा परीक्षण गराई सो को प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

१० स्वीकृत कर्मचारी तथा आर्थिक प्रशासनको नियमको अधिनमा कर्मचारीहरुको नियुक्ती, सरुवा, बढुवा, खोसुवा निलम्बन, दण्ड सजाय र पुरस्कारको व्यवस्था गर्ने । संस्थाको कोषको सुरक्षा तथा आर्थिक कारोवार माथि नियन्त्रण गर्ने सो को व्यवस्था मिलाउने

११. साधारण सभाको निर्याय अनुसार संस्थाको चल, अचल सम्पती खरिद, विक्री गर्ने वा प्राप्त गर्ने हस्तान्तरण गर्ने ।

१२. साधारण सभावाट भएको अन्य निर्णयहरुको कार्यान्वयन गर्ने ।

१३. संस्थाको कार्यहरु सुचारु रुपले संचालन गर्न उपभोक्ता समितिको अधिनमा रही आवश्यकता अनुसार उपसमितिहरु तथा सल्लाहकार समिति गठन गर्ने ।

१४. यस विधानमा उल्लेख भएका उद्देश्य प्राप्तीका लागि साधारण सभाले अख्तियार गरेका आवश्यक सबै कार्य गर्ने ।

**२८. सपथ ग्रहण :**

१. समिति, लेखा समिति र उपसमितिहरुका पदाधिकारीहरुले अनुसूची – ५ मा उल्लेख भए बमोजिम सपथ ग्रहण गर्नु पर्नेछ

२. यस्तो सपथ ग्रहण सभाध्यक्ष, निर्वाचन उप–समितिको संयोजक वा कार्यालयका प्रतिनिधीबाट गराइनेछ ।

**२९. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

संचालक समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

**१. अध्यक्ष :–अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) संचालक समितिको बैठक बोलाउने ।

ख) सबै साधारण सभा तथा संचालक समितिको बैठकको अध्यक्षता गर्ने

ग) संस्थालाई नेतृत्व प्रदान गर्ने ।

घ) संस्थाको दैनिक काम काजको प्रत्यक्ष निगरानी राख्ने ।

ङ) संस्थाको चल अचल सम्पतीको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने, गराउने ।

च) संचालकहरु बीच कामको बाँडफाँड गर्ने ।

छ) संचालक तथा कर्मचारीहरुलाई निर्देशन दिने, कर्मचारीको राजीनामा स्वीकृति गर्ने ।

ज) संस्थाको काम कार्यवाहीमा अन्य संस्थावाट प्रतिनिधित्व गराउने र अन्य संघ संस्था,निकायमा प्रतिनिधित्व गर्ने ।

झ) संस्थाको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार जाँचबुझ निरीक्षण गर्ने गराउने

ञ) साधारण सभा र समितिको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

(ट) साधारण सभा, समितिले गरेको निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

**उपाध्यक्ष :–उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको काममा सहयोग पुयाउने

ख) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

ग) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

**३. सचिव : सचिवको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको बैठक बोलाउने ।

ख) साधारण सभा तथा समितिद्वारा पारित निर्णयहरु कार्यान्वयन गर्ने गराउने

ग) साधारण सभाको अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने, बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु सदस्यलाई पठाउने । सूचना निकाल्ने,

घ) साधारण सभाबाट निर्णय गर्नुपर्ने कुनै विवादास्पद निर्णयहरु भए पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने गराउने ।

ङ) संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रही प्रबन्ध, निरीक्षण, निर्देशन दिने ।

च) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

**४. सह–सचिव : सह–सचिवको काम, कर्तव्य र अधिकार**

क) सचिवको काममा सहयोग पुयाउने

ख) सचिवले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

ग) सचिवको अनुपस्थितीमा सचिवले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

**५. कोषाध्यक्ष :– कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको आर्थिक कारोवार सम्बन्धी जिम्मा लिने

ख) संस्थाको उद्देश्य प्राप्तिका लागि सहकारी लेखा पुस्तिकाहरु नियमानुसार दुरुस्त राख्ने, राख्न लगाउने ।

ग) साधारण सभा तथा समितिले मागेको बखत संस्थाको दैनिक कारोवारसँगै सम्बन्धित विवरण उपलब्ध गर्ने, गराउने

घ) साधारण सभा तथा समिति समक्ष आर्थिक प्रतिवेदन एवं आगामी आर्थिक वर्षको बजेट पेश गर्ने,

(ङ) संस्थाको कोषमा वृद्धि गर्ने तर्फ प्रयत्नशिल हुने ।

च) आर्थिक कारोवारको संचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने ।

छ) आन्तरिक एवं अन्तिम लेखापरीषण कार्यमा सहयोग गर्ने ।

ज) संस्थाको दैनिक आर्थिक कारोवार सम्बन्धी सम्पूर्ण पत्र व्यवहार र जनसम्पर्क राख्ने ।

झ) विधान र साधारण सभाको निर्णयको अधिनमा रही संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य काम गर्ने गराउने ।

**६) सदस्यहरु :– सदस्यहरुको काम, कर्तव्य र अधिकार**

क) समितिको बैठकमा उपस्थित भई निर्णय प्रकृयामा सक्रिय सहभागी हुने ।

ख) समितिले गरेका निर्णयहरु पालन गर्ने र गराउने ।

ग) बैठकले दिएको जिम्मेवारी वहन गर्ने ।

घ) बैठकमा सुझाव सल्लाह व्यक्त गर्ने ।

ङ) संस्थाद्वारा संचालित क्रियाकलापहरुको अनुगमन, मुल्याङ्कन गर्ने

## परिच्छेद – ७
## लेखा सुपरीवेक्षण समिति

**३०. लेखा सुपरीवेक्षण समितिः**

लेखा सुपरीवेक्षण समितिमा एक जना संयोजक लगायत ३ जना सदस्यहरु रहने छन् । यसको पदावधि संचालक समिति सरह हुनेछ समितिको बैठक वर्षमा घटीमा ४ पटक बस्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ । लेखा सुपरीवेक्षण समितिको चयन निर्वाचनद्वारा साधारण सभाले गर्नेछ लेखा सुपरीवेक्षण समितिमा संचालक समितिका सदस्यहरु रहन सक्ने छैनन् । लेखा सुपरीवेक्षण समितिको लागि विनियमको दफा ४१ र ४२ लागु हुने छ लेखा सुपरीवेक्षण समितिका सदस्यहरुको राजीनामा संयोजकबाट स्वीकृत हुनेछ ।

**३१. लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारः**

१.लेखा सुपरीवेक्षण समितिले संस्थाको आर्थिक कारोवारको विवरणको आन्तरिक हिसाब जांच गर्नेछ ।

२. आन्तरीक लेखा परीक्षणबाट औल्याइएका त्रुटि तथा समस्याहरु र सुझावहरुबारे अध्ययन गरी सोको सुधार गर्न समिति मार्फत कारवाही चलाउने ।

३. साधारण सभामा लेखा सम्वन्धी वार्षिक प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदनमा खाता पाना, लेखा सम्बन्धी अभिलेख, आर्थिक अनुशासन, हिनामिना, पेश्की आदि बारे उल्लेख गर्ने

४. विशेष साधारण सभा बोलाउनु पर्ने भएमा ठोस कारण खोली संचालक समिति समक्ष पेश गर्ने यस कार्यको लागि समितिका सदस्यहरु एकमत हुनुपर्नेछ ।

**अन्य उप–समितिहरुको गठन :**

**३२ मर्मत संभार उपसमिति**

यस समितिमा ३ जना सदस्य रहनेछन् सञ्चालक समितिका सदस्य मध्येवाट संयोजक र बकी सदस्य शेयर सदस्यबाट संचालक समितिले छनोट गर्नेछ ।

**३३. उपसमितिको काम कर्तव्य र अधिकार :**

१. संस्थाको सिद्धान्त र वचत परिचालन आयमूलक कार्यक्रम टोल विकास संस्था\समितिको व्यवस्थापन सम्बन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि कक्षाहरु संचालन गर्ने ।

२. संस्थाको सदस्य भएमा के कस्तो फाईदा हुन्छ भन्ने विषयमा बुलेटिनहरु प्रकाशित गर्ने सदस्य तथा ग्रैह सदस्यलाई जानकारी गराउने ।

३. संस्थामा सकेसम्म नयाँ सदस्यहरु सामेल गराउन प्रयत्नशील रहने ।

४. समितिको बैठकमा उपसमितिको कार्यवाही सम्बन्धी प्रतिवेदन पेश गर्ने ।

**३४. सल्लाहकार समिति :**

उपभोक्ता समितिले संस्थालाई उपयोगी सल्लाह र सुझाव प्रदान गर्न सक्ने, टोल विकास संस्था\ समितिको सम्बन्धमा विशेष जानकारी र रुची राख्ने व्यक्तिहरु मध्येबाट बढीमा ५ (पाँच) सदस्यीय सल्लाहकार समितिको गठन गर्न सक्नेछ । उक्त समितिको पदावधि संचालक समितिको पदावधि सरह रहने छ ।

## <u>परिच्छेद- ८</u>
## <u>कोषको व्यवस्था र उपयोग</u>

**३५. कोषको व्यवस्था र सुरक्षाः**

१. संस्थाको एउटा छुट्टै कोषको व्यवस्था गरिनेछ र सो कोषमा देहायका रकम रहनेछ । ऋण लगायत संस्थाले आर्जन गरेको सबै किसिमका आम्दानी ।

ऋण लगायत संस्थाले आर्जन गरेको सबै किसिमका आम्दानी ।

क) नेपाल सरकारबाट वा गैर सरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम ।

ख) विदेशी सरकारको वा अन्तर्राष्ट्रिय दातृ संघ संस्थाबाट प्राप्त रकम । संस्थाले शेयर विक्री गरे वापत प्राप्त रकम, नियमित बचत र सदस्यता श्रोतबाट प्राप्त रकम ।

ङ) अन्य श्रोतबाट प्राप्त रकम

ङ) अन्य श्रोतबाट प्राप्त रकम

२.उपदफा १ बमोजिम कोषको रकम विधानमा व्यवस्था भए बमोजिमको कार्यमा खर्च गरिनेछ संस्थाले विदेशी सरकार तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाबाट ऋण वा अनुदान रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

उपदफा १ बमोजिम संस्थालाई प्राप्त हुने सबै रकम समितिले निर्णय गरेको कुनै पनि बैंकहरुमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, बचत, मुद्दती खोली जम्मा गरिनेछ) ।

उपदफा १ बमोजिमको कोषको खाताको संचालन समितिले तोके बमोजिमको संचालक सदस्य र व्यवस्थापकको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

**३६. कोषको उपयोगः**

कोषको उपयोग निम्न अनुसार गर्न सकिनेछ

१. उपभोक्ता समितिको उल्लेख भए बमोजिम संस्थाको स्वीकृत योजना अनुसार कार्यक्रम वा व्यवसाय संचालन गर्ने ।

२. स्वीकृत योजना अनुसारको कार्य गर्नको लागि आवश्यक स्थिर सम्पति खरिद गर्ने ।

२. विषयगत संघ, टोल विकास संस्था\समितिको बैंकको शेयर खरिद गर्ने ।

४. कुनै बैंकको बचत वा मुद्दति खातामा रकम जम्मा गर्ने

५. सदस्यहरुको लागि टोल विकास संस्था\समितिको शिक्षा तालिम कार्यक्रममा खर्च गर्ने ।

६. सामाजिक तथा सांस्कृतिक काममा खर्च गर्ने ।

**३७. जगेडा कोषको व्यवस्था :**

संस्थामा एक जगेडा कोषको व्यवस्था गरिनेछ । जगेडा कोषमा निम्न वमोजिम रकमहरु जम्मा गरिनेछ ।

क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारवाट हिसाव परीक्षण गरी प्राप्त हुने खुद बचत (नाफा) को २५% रकम ।

ख) संस्थाको कारोवारबाट हुन आउने बचत मध्येबाट अन्य कुनै प्रकारको यस कोषमा जाने रकम,

ग) वित्तिय निकायहरुबाट प्राप्त हुने पूँजिगत अनुदान ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने शर्त रहित पूँजिगत अनुदान सहयोग |

**३८. अन्य कोष :**

१) संस्थाले प्रत्येक आर्थिक वर्षमा गरेको खुद मुनाफा मध्ये २५% जगेडा कोषमा छुट्याई बाँकी रकमलाई शतप्रतिशत मानी तपसिल अनुसार बाँडिनेछ :

क) शेयर लाभांश कोषमा २० प्रतिशत यस कोषबाट वितरण गरिने रकम चुक्ता शेयरको १५ प्रतिशत भन्दा बढी हुनेछैन ।

ख) संरक्षित पूँजी फिर्ता कोषमा ४० प्रतिशत ।

ग) टोल विकास संस्था\समितिको शिक्षा कोषमा १५ प्रतिशत

(घ) टोल विकास संस्था\समितिको विकास कोषमा १० प्रतिशत

ङ) घाटापूर्ति कोषमा १० प्रतिशत

च) ऋण कोष ५ प्रतिशत

२) उपदफा (१) बमोजिम विभिन्न कोषमा छुट्याइएको रकम वितरण गरी बाँकी रहेको रकम जगेडा कोषमा राखिनेछ ।

**३९. लेखा परिक्षणः**

देहाय बमोजिम प्रक्रिया पुयाई मान्यता प्राप्त लेखा परीक्षक नियुक्ति गर्नुपर्ने र हिसाब जाँच गराउनु पर्नेछ,

१. संस्थाको प्रत्येक वर्षको हिसाव जाँच सो आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र साधारण सभाले नियुक्त गरेको दर्तावाला लेखापरीक्षकलाई रजिष्टारबाट नियुक्तिको स्वीकृति लिई हिसाब जांच गराउनु पर्नेछ

२. लेखा परीक्षकबाट नियुक्ति गर्दा एउटै व्यक्ति वा कम्पनीलाई लगातार ३ पटकभन्दा बढी नियुक्ती गरिने छैन ।

३. लेखा परिक्षकबाट हिसाब जाँच गराई सकेपछि तोकिएको ढाँचामा प्रतिवेदन प्राप्त गरिनेछ ।

४. स्वीकृत हिसाव जाँचको प्रतिवेदन अनुमोदनको लागि साधारण सभामा पेश गरिनेछ । साधारण सभाले अनुमोदन नगरेमा अर्को लेखापरीक्षक नियुक्ति गरी जाँचबुझ वा पुनः हिसाब जाँच गराइनेछ।

५. यसरी प्राप्त भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन भएपछि साधारण सभाको निर्णय प्रतिलिपि सहित १ प्रति लेखापरीक्षण प्रतिवेदन सम्बन्धित टोल विकास संस्था\ समितिको कार्यालयमा पेश गरिनेछ ।

## परिच्छेद :- ९
## व्यवस्थापन

**४०. व्यवस्थापन :**

संस्थाको व्यवस्थापनलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापकको नियुक्ति एवं अन्य कर्मचारीहरुको योग्यता छनौट, नियुक्ति, तलब निर्धारण र अन्य सुविधाहरु सम्बन्धी व्यवस्था सम्बन्धी संस्थाको प्रशासनिक नियमावली साधारण सभावाट स्वीकृत गराई लागू गर्नेछ ।

**४१. व्यवस्थापकको नियुक्ति, काम, कर्तव्य र अधिकार :**

१. संस्थाको दैनिक प्रशासन कार्य संचालन गर्न संचालक समितिले एक जना व्यवस्थापक नियुक्ति गर्नेछ । निजको अधिकार सेवाको शर्त सम्बन्धी स्वीकृत नियममा उल्लेख भए अनुसार हुनेछ । अध्यक्षको सामान्य नियन्त्रणमा रही व्यवस्थापकले संस्थामा कार्यक्रम तथा व्यवसाय संचालन गर्ने साधारण सभा, संचालक समिति वा उपसमितिहरुको कार्यमा सहयोग गर्ने ।

संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक वार्षिक कार्यक्रम तथा बजेट तयार गरी संचालक समितिमा पेश गर्ने स्वीकृत नीति वा कार्यक्रमहरु तथा संचालक समिति वा साधारण सभाबाट भएका अन्य निर्णयहरुको कार्यान्वयन गर्ने ।

५. संस्थाको तर्फबाट नगद कागजात वा सेक्यूरिटीहरु प्राप्त गर्ने तथा तिनको उचित सुरक्षाको कार्यमा कोषाध्यक्षलाई सहयोग गर्ने । संस्थाको हर हिसावको लेखा ठीक र सही तरिकाले राख्ने, राख्न लगाउने र आर्थिक विवरण प्रमाणित गर्ने कार्यमा सहयोग गर्ने ।

संस्थाको विरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदावीको सम्बन्धमा संस्थाको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैको विरुद्ध यस्तो हकदावी सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने, मिलापत्र गर्नु अगाडि समितिको स्वीकृती लिनु पर्ने छ ।स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने र बजेटको परिधिभित्र रही खर्च गर्ने ।

९. संस्थाको आर्थिक कारोवार तथा बैंक खाता संचालन गर्ने तथा आर्थिक कारोवार सम्बन्धी आवश्यक पर्ने बिल भर्पाई कागजातहरुमा सही गर्ने ।

१० संचालक समितिको निर्णय अनुसार वा समितिले तोकी दिएको विषयहरुमा संस्थाको तर्फबाट सम्झौता पत्र तथा कागजातहरुमा सही गर्ने

११. संस्थाको कर्मचारीहरुको कार्य विभाजन अधिकार र कर्तव्यको निर्धारण गर्ने तथा कर्मचारीहरुको नियन्त्रण गर्ने तथा स्वीकृत कर्मचारी प्रशासन नियम तथा दीग्दर्शनको अधीनमा रही नियुक्ति, सरुवा, बढुवा, सजाय, निलम्बन, पुरस्कार आदि सम्बन्धी निर्णयको लागि सिफारिस गर्ने ।

१२. विनियममा भएको व्यवस्था तथा साधारण सभा र संचालक समितिका निर्णयहरुको परिधिभित्र रही संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारु रुपले संचालन गर्ने ।

**४२. संस्थाले राख्नुपर्ने वही खाता र कितावहरुः**

१. संस्थाको काम कार्यवाही संचालन गर्न देहाय बमोजिमका वही खाता र कितावहरु राखिने छन्।

क) सदस्य दर्ता किताव

ख) नगद खाता ।

ग) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा, संचालक समिति, लेखा समिति, उप समितिको छुट्टाछुट्टै कार्यवाही किताव ।

घ) संस्थाले अरु कुनै व्यक्ति वा संस्था वा संघसँग कुनै कारोवार गरेको भए सो कारोवार देखाउने दर्ता किताव ।

ङ) टोल विकास संस्था\ समितिको ऐन, नियम तथा संस्थाको विनियम अनुसारका अन्यखाताहरु

च) समय समयमा रजिष्ट्रारले तोकिएको अन्य खाताहरु ।

संस्थाको खाताहरु सदस्यले हेर्न चाहेमा जुनसुकै बखत उपलब्ध हुन सक्नेछ

**४३. निर्वाचन**

१) विधानमा उल्लेख भए बमोजिम निर्वाचन गराउनु पर्ने भएमा वा कुनै रिक्त पदको निर्वाचन गराउँदा साधारण सभाबाट स्वीकृत निर्वाचन निर्देशिका अनुसार सम्बन्धित डिभिजन सहकारी कार्यालयका प्रतिनिधि वा स्थानिय विद्यालयको शिक्षक सम्मिलित ३ सदस्यीय निर्वाचन उपसमितिको गठन गरि कार्य सम्पन्न गर्नेछ । उक्त उपसमितिले आफ्नो काम कारवाही संस्थाद्वारा पारित गरिएको निर्धारित निर्देशिका बमोजिम गर्नेछ । उपसमितिको गठन गर्ने संचालक समितिका पदाधिकारीहरु सो निर्वाचनमा उमेदवार बन्न पाउने छैनन् ।

२) संचालक समितिको कार्यविधि समाप्त हुनु अगावै नयाँ संचालक समितिको निर्वाचन गरिनेछ

३) उपदफा (२) बमोजिम समयभित्र संचालक समितिको निर्वाचन नगराएमा कुनै पनि सदस्यले सो को लागि रजिष्ट्रारलाई जानकारी गराउन सक्नेछ
४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएमा वा नभएमा पनि समितिको कार्यावधि समाप्त भएको मितिले छ महिना भित्र रजिष्ट्रारले समितिको निर्वाचन गराउनेछ । माथि उल्लेखित प्रकृया पुरा गर्न ढिला भई नयाँ संचालन समिति गठन नहुन्जेल पुरानै संचालक समितिले काम गर्नेछ ।

**४४. मध्यस्थता :**

१. संस्थाको लेनदेन तथा कारोवारको सम्बन्धमा देहाय बमोजिमको पक्षहरुका बीच कुनै विवाद उठी समिति तथा साधारण सभाबाट समाधान हुन नसकेमा सो को निर्णयको लागि मध्यस्थता गर्न समितिले रजिष्ट्रारलाई अनुरोध गर्न सक्नेछ ।
क) संस्था र जिल्ला सहकारी संघ वा विषयगत संघ वा केन्द्रित सहकारी संघ वाराष्ट्रिय सहकारी संघको बीच उप दफा (१) बमोजिम रजिष्ट्रारलाई संस्था, संचालक समिति संचालक सदस्य सम्बन्धित कर्मचारीले विवाद समाधानका लागि अनुरोध गर्न सक्नेछन्
क) उपदफा (१) बमोजिम रजिष्ट्रारलाई समाधानका लागि अनुरोध गरिएको विवाद निर्णय गर्न दुई पक्षमध्ये प्रत्येक पक्षले एक एक जना र रजिष्ट्रारले एकजना गरी जम्मा ३ जना मध्यस्थकर्ता मनोनित गर्नु पर्नेछ ।
ख) रजिष्ट्रारद्वारा मनोनित मध्यस्थकताले अध्यक्षता गर्नेछ । मध्यस्थकर्ताहरुको विवाद सम्बन्धि निर्णय बहुमतबाट हुनेछ । रजिष्ट्रारद्वारा मनोनित मध्यस्थकतालाई प्रत्येक पक्षका मध्यस्थकर्तालाई धर्म भकाउने, लिखित कागजपत्र, बहीखाता, आदि जुनसुकै प्रमाणको कागज र साक्षी झिकाउने, खर्च भराउने, प्रमाण बुझ्ने आदि गर्ने अधिकार हुनेछ ।
५. मध्यस्थकर्ताको निर्णय फैसला प्रत्येक पक्षलाई एक प्रति सम्बन्धित मिसिल कागजातको साथ रजिष्टार समक्ष पठाउनु पर्नेछ

## परिच्छेद १० – विविध

**४५. विनियम संशोधन**

क) विनियममा लेखिएका कुनै कुरामा शंसोधन गर्नु पर्ने भएमा सभाको कूल सदस्यहरुमध्ये ५१ प्रतिशत उपस्थित भई उपस्थित सदस्यहरुको कम्तीमा दुई तिहाई बहुमतबाट विनियम संशोधनको प्रस्तावलाई साधारण सभाले पारित गरी संशोधन गर्न सक्नेछ ।
(ख) साधारण सभाबाट संशोधनको प्रस्ताव पारित भएपछि प्रस्तावित् संशोधन रजिष्ट्रार समक्ष स्वीकृतिको लागि पठाइने छ ।

**४६ स्वीकृति लिनुपर्ने**

क) यस विनियमको उद्देश्य प्राप्तीका लागि कार्य लगायत अन्य कुनै कुराको विषयमा अन्य कुनै निकायको स्वीकृति लिनुपर्ने भएमा स्वीकृति लिएर मात्र कार्य संचालन गर्नुपर्ने ।
ख) यस विनियममा उल्लेखित उद्देश्य र कार्य बाहेक अन्य कार्य गर्नु परेमा विनियम संशोधन गरी रजिष्ट्रारबाट स्वीकृती प्राप्त भएपछि मात्र संचालन गर्न सकिनेछ ।

**४७. व्याख्या गर्ने अधिकार :**

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । यसरी व्यवस्था गर्दा टोल विकास संस्था\समितिको मुल्य सिद्धान्त र प्रचलित सहकारी ऐन नियमको परिधी भित्र रही गर्नुपर्नेछ साधारण सभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन, नियम बमोजिम हुनेछ

**४८ अविश्वासको प्रस्ताव राख्न सकिने :**

१) साधारण सभामा उपस्थित सदस्य संख्याको कम्तीमा १० प्रतिशत सदस्यहरुले कनै पदाधिकारी, संचालक र समिति उपर विश्वास छैन भनी लिखित रुपमा स्पष्टिकरण सहित निवेदन दिएमा अविश्वास प्रस्ताव ल्याईएको मानिनेछ ।

२) जुन सदस्य प्रति अविश्वासको प्रस्ताव ल्याइएको हो सो व्यक्तिले साधारण सभामा आफुलाई लगाएको आरोपका विषयमा स्पष्टिकरण सफाई पेश गर्न पाउनेछ । तर उक्त विषयको विपक्षमा हुने निर्वाचनमा भने मतदान गर्न पाउने छैन ।

३) उपस्थित सदस्य संख्याको बहुमतबाट अविस्वासको प्रस्ताव पारित भएमा त्यस्ता पदाधिकारी तथा सदस्य आफ्नो पदबाट स्वतः हटेको मानिनेछ ।

**४९. आर्थिक सहयोग गर्न नहुने**

संस्थाले कुनै राजनितिक दल वा धर्म वा सम्प्रदायका लागि कार्य गर्ने संस्थालाई चन्दा दिन वा अन्य कुनै प्रकारको आर्थिक सहयोग गर्ने छैन ।

**५०. अमान्य हुने :**

विनियममा उल्लेखित कुनै व्यवस्था सहकारी ऐन, नियम र सिद्धान्तसँग बाझिन गएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ । यस विनियममा उल्लेख नभएको कुराहरुको बारेमा नेपालको संविधान, प्रचलित ऐन, नियम र सिद्धान्त बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

**५२. अन्य :-**

१ सञ्चालक समिति र लेखा समितिका पदाधिकारी लगायत सदस्यहरु अवैधानिक हुनेछन् । बैठक भत्तालिन वाधा पर्ने छैन ।

२. आफ्ना सदस्यहरु बीच मात्र वचत तथा ऋण कारोवार गरिनेछ

३. सस्थाले आफ्नो उद्देश्य तथा कार्यहरु परिपूर्ति गर्नको लागि छुट्टै कार्ययोजना बनाई लागू गर्नेछ

४. संस्थाको साइनबोर्डमा "संस्था दर्ता ऐन २०३४ बमोजिम स्थापित" भनि लेखिनेछ । संस्थाले वार्षिक लेखा परीक्षण प्रतिवेदन वार्षिक प्रगती प्रतिवेदन र साधारण सभाको निर्णयको प्रतिलिपि समेत रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ ।

५. यो संस्था दर्ता भएको छ (६) महिना भित्र निर्वाचन गरी अर्को कार्यसमिति चयन गरिनेछ ।

६. यो संस्था गठन हुनु अघि यस संस्थाको नाउबाट भए गरेका कार्यहरु यसै संस्था अनुसार भएको मानिनेछ ।

७ संस्थाको नाममा चल अचल सम्पत्ति खरिद बिक्री गर्दा स्थानीय अधिकारीको स्वीकृत लिई गर्नुपर्नेछ ।

**५३. खारेजि र बचाउ :**

यो संस्था कुनै कारण विघटन भएमा यसको सबै जायजेथा स्थानीय सरकारको हुनेछ ।

**(दफा ५ (ख) सँग सम्वन्धित)**

**अनुसूची–१**

**..........................टोल विकास संस्था\समिति**

**लिखु तामाकोशी ................................, रामेछाप**

संस्थाको चिन्ह र छाप

गोलाकार परिधिभित्र माथि तिर संस्थाको नाम, तलतिर ठेगाना र बीच भागमा संस्थाको कार्य तथा उद्देश्य झल्कने लोगो तथा त्यसको ठीक मुनि स्थापित वर्ष २०८० लेखिएको छाप नै यस संस्थाको छाप हुनेछ ।

**अनुसूची – १**
**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**
**निवेदनको नमूना**
**लिखु तामाकोशी गाउँपालीकाको कार्यालय,**
**धोबी बजार, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

मितिः .....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गाउँपालिकाको कार्यालय
धोबी बजार, रामेछाप ।

विषयः टोल विकास समिति/संस्था तथा संस्था दर्ता गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा यस लिखु तामाकोशी गाउँपालिका को वडा नं ...... स्थित ................टोल तथा समुदायमा गठन तथा स्थापना गरिएको .............................. टोल विकास समिति/संस्था तथा संस्था दर्तालाई ......................................दर्ता गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस .................................. टोल विकास समिति/संस्था तथा संस्था दर्ता को क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

संलग्नः

टोल भेलाको उपस्थिति र निर्णय।
उपभोक्ता सदस्य संख्या ।
टोल विकास समिति/संस्था तथा संस्थाको विधान एक प्रति
कार्य समितिका सदस्यहरुको नाम थर।

पूर्व सिमानाः ...................................
पश्चिम सिमानाः ..............................
उत्तर सिमानाः ...............................
दक्षिण सिमानाः ...............................
हालका जम्मा घरधुरीः

निवेदक
समितिको तर्फबाट
अध्यक्षको नामः ..................................
टोल विकास समिति/संस्था तथा संस्था
नामः...............
ठेगानाः.........................

अनुसूची- ३ (विनियम १७ सँग सम्वन्धित)

टोल विकास संस्था\समिति

........................ रामेछाप

# सदस्यता दर्ता किताब

| क.स. | बावुको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | शेयर रकम | सदस्य भएको मिति | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची– ४ (विनियम २८ सँग सम्वन्धित)**
**टोल विकास संस्था\समिति**
**........................ रामेछाप**

# शेयर प्रमाण–पत्र

"म................................................... (शपथ कर्ताको नाम) साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु मेरो सामर्थले भ्याए सम्म ...................................................................... समितिको सदस्यका नाताले सबै काम तथा बैठकहरुमा नियमित रुपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपातरहित तरीकाबाट निर्णय लिनेछु

.........................
शपथ ग्रहण गर्ने पदाधिकारीको नाम:

नाम:
दस्तखत:

मितिः.

.......................
शपथ ग्रहण गराउने पदाधिकारीको

नामः
दस्तखतः

मितिः

## रकम बुझेको भरपाई

भरपाई दादै रामेछाप जिल्लामा कार्यालय रहने गरी दर्ताको क्रममा रहेको श्री.................................................................. समितिको तदर्थ समितिको लिखु तामाकोशी गा.पा. वडा न.............. बस्ने श्री .............................................................आगे रामेछाप को छोरा ............... वर्ष को म श्री........................................................ गा.पा. वडा नं...... ........................................................... टोल विकास संस्था\ पदमा रहेको र प्रथम प्रारम्भिक भेलाको निर्णय नं.................. मात्र ............................................... संस्था दर्ता पश्चात संस्थाको बमोजिम शेयर रु. ................................................. अक्षरेपी ............................................................. निर्णय वमोजिमको बैंकमा खाता खोलि रकम जम्मा नगर्दा सम्म कुनै पनि कार्यमा खर्च नगर्ने गरी रकम बुझिलिई यो भरपाई गरिदिए

**इति सम्वत्**.......... **साल**........... **महिना**....... **गते**......... **रोज शुभम् ।**